# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

२०७५/१२/२०

तेस्रो अधिवेसन

(२०औं बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

१. **माननीय सदस्यहरु,**

यस सभाको तेस्रो अधिवेशनको २०औं बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

२. **माननीय सदस्यहरु,**

अब विशेष समय शुरु हुन्छ ।

३. **माननीय सदस्यहरू,**

यस सभाको विभिन्न बैठकहरुमा निर्धारण गरिएको शुन्य समय र विशेष समयमा बोल्ने माननीय सदस्यहरुले प्रदेश सरकारको काम कार्वाही र समसामयीक विषयमा उठान गरेका प्रश्नहरुको सम्बन्धमा आफ्नो मन्त्रालयसँग सम्बन्धीत प्रश्नहरुको जवाफ दिन प्रदेश सभा नियमावली २०७४ को नियम ५७ को उपनियम (२) बमोजिम भौतिक पूर्वाधार विकास मन्त्री माननीय पठान सिंह बोहराबाट विशेष समय माग भै आएकोले माननीय मन्त्री पठान सिंह बोहरालाई समय दिन्छु ।

**माननीय पठान सिंह वोहरा**

माननीय सभामुख महोदय, माननीय सदस्यज्यूहरुबाट विशेष समय र शुन्य समयमा भौतिक पूर्वाधार विकास मन्त्रालयसँग सम्बन्धित केही जिज्ञासाहरु प्रश्नहरु उठाइएका छन् । ति प्रश्नहरुको जिज्ञाशाहरुको र भौतिक पूर्वाधार विकास मन्त्रालयसँग सम्बन्धित भौतिक पूर्वाधार विकास मन्त्रालयबाट भइरहेका कामकारबाहीहरुका बारेमा म गरिमामय सदन समक्ष केही कुराहरु राखे मेरो जवाफ राखे अनुमति चाहान्छु । सरकार गठन भइसकेपछि हामीले धेरै लामो समय व्यवस्थापनमा खर्च गर्यौं र त्यस पछाडी कर्मचारीको व्यवस्थापनमा कर्मचारी नेपाल सरकारले खटन पटन गर्नुपर्ने र त्यो कर्मचारीको व्यवस्थापन अत्यन्तै ढिलो भयो । यो सबैलाइ जाहेर छ जानकारी छ । र भौतिक पूर्वाधार विकास मन्त्रालयबाट असोजको महिना सबभन्दा पहिला सिचाइका कर्मचारीहरु प्राविधिकहरुलाई खटन पटन गर्ने व्यवस्थापन गर्ने कार्यालयहरुको व्यवस्थापन गर्ने यो कामहरु भयो । त्यसपछाडी क्रमैसँग पूर्वाधार विकास कार्यालयसँग सम्बन्धित कर्मचारीहरु तिनका कार्यालयहरु व्यवस्थापन गर्ने त्यसैगरी अझ त्यो भन्दा ढीलो खानेपानी डिभिजन कार्यालयहरुको व्यवस्थापन र कर्मचारीको व्यवस्थापन गर्ने कुराहरु भयो र सबै भन्दा पछाडी यातायात व्यवस्था कार्यालय र सँगै सहरी विकास तथा भवन डिभिजन कार्यालयका कर्मचारी व्यवस्थापन गर्ने कामहरु भयो र यो जुन कर्मचारीको व्यवस्थापन गर्ने खटन पटन गर्ने कुराहरु भयो अत्यन्तै ढिलो भयो अत्यन्तै यसमा निकै समय लाग्यो । यो हाम्रो बसको कुरा थिएन । नेपाल सरकारले त्यसको व्यवस्थापन गर्ने जिम्मेवारी नेपाल सरकारसँग थियो र नेपाल सरकारले कर्मचारी खटाइसकेपछि

हामीले प्रदेशमा आइसकेपछि ती कर्मचारीहरुलाइ काममा लगाउने कार्यालयहरुको व्यवस्थापन गर्ने अनि अख्तियारी दिने कार्यक्रम बनाउने कार्यक्रम स्वीकृत गर्ने, हाम्रो बजेटमा आएका योजनाहरुको अध्ययन विश्लेषण तिनको इष्टिमेट बनिसकेको अवस्था थिएन । हामीले त्यै अवधिमा ति सबै कामहरु गर्नुपर्ने स्थिति थियो । ४ महिना लाग्नुपर्ने समयलाइ हामीले छोटयाएर चाडो भन्दा चाडो गराउनु पर्छ भन्दै ति कामहरु डेढ महिना देखी २ महिनाको बिचमा सम्पन्न भएका छन् । त्यो काम अझै पनि ठुला योजनाहरुको हकमा निरन्तर चलिरहेको छ । यसरी भौतिक पूर्वाधार विकास मन्त्रालयको कामहरु धेरै ठुलो बजेटको हिस्सा धेरै योजनाहरुको संख्या म याहाहरुलाइ जानकारी गराउ अहिले सबै योजनाहरु निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमका योजनाहरु विचमा थपिएका मन्त्रिपरिषदले निर्णय गरेका योजनाहरु सहित जोड्दा ३२ सय भन्दा बढी योजनाहरु झन्डै ३२५० वटा योजनाहरु अहिले हामीले कार्यान्वयन गरिरहेका छौं । यति ठुलो योजनाहरुको संख्या छ कर्मचारीहरुको संख्या न्यून छ यस्तो परिवेशबाट पनि कामलाइ अत्यन्तै महत्वका साथ अत्यन्तै मेहेनतका साथ हामीले अगाडी बढाएका छौं । र माननीय सदस्यज्यूहरुले उठाउनु भएका प्रश्नहरु जिज्ञासाहरु बाहिरतिर पनि उठेका कुराहरु खासमा के हुन् भने कामहरु कहिले हुन्छ खर्च कहिले हुन्छ खर्चै हुन सक्तैन कामै हुन सक्तैन कामहरु अगाढी बढेनन् भन्ने कुराहरु धेरै जसो कुराहरु भौतिक पूर्वाधार विकास मन्त्रालयसँग सम्बन्धित कुराहरु आए भन्ने लाग्छ मलाइ । अरु धेरै जसो कुराहरु छैन । काम देखिएन काम अगाढी बढेन यत्रो खर्च छ । यो बजेट खर्च कहिले हुन्छ भन्ने जिज्ञासाहरु नै मैले महसुस गरेको छु । तर म याहाहरुलाइ जानकारी गराउन चाहान्छु । गरिमामय संसदमा म भन्न चाहान्छु । हामीले यो जुन बजेट छ ८ अर्ब ८६ करोड रकम जुन अहिले हाम्रो मन्त्रालयसँग छ यो खर्च सकाएर हामीलाइ थप बजेट आवश्यक पर्छ भनेर हामीले ५ महिना अगाढी ६ अर्ब रकमको माग गरेका थियौं । त्यो हामीले प्राप्त गर्न सकेका छैनौं । त्यस पछाडी यत्रो रकम हुँदैन यसरी पाइदैन भन्ने कुरा भइसकेपछि हामीले अहिले जुन गतविगतका वर्षहरुमा संचालित क्रमागत योजनाहरु चाहे ति सिचाइका हुन् चाहे खानेपानीका हुन् चाहे सडकका हुन् ठेक्का लगायतका योजनाहरु समेतलाइ संकलन गरी तिनमा यति बजेट आवश्यक पर्छ भनेर हामीले अहिले कम्तिमा पनि २ महिनाभित्र काम गर्न सकिने खर्च गर्न सकिने आकलन गरी हामीले झन्डै ३ अर्ब बजेट माग गरेका छौं । त्यसैले यो काम हुँदैन यो खर्च पनि हुँदैन यो भौतिक पूर्वाधार विकास मन्त्रालयबाट कामहरु अगाडी बढ्न सक्तैन भन्ने कुराको पुष्टी हुँदैन । त्यसैले हामी ढिलो गरी काम शुरु गरेपनि कामलाइ हामीले अत्यन्तै मेहेनतका साथ अगाढी बढाएका छौं । कर्मचारिहरु जो जति छौं । त्यो अभावमा पनि जति कर्मचारी छन् ति कर्मचारीहरुलाइ हामीले सही ढंगले परिचालन गरेका छौं । र कर्मचारीहरुले मेहेनतका साथ काम गरिरहेका छन् । यसको नतिजा यसको परिणाम हामी पाउछौं । म याहाहरु मान्य सदस्यज्यूहरु म यो गरिमामय सदनमा संसदमा राख्न चाहान्छु हाम्रो खर्चको प्रकृति क्रमश हुने गर्छ । हामीले उपभोक्ता समितिहरुसँग सम्झौता गर्ने वितिकै हामी रकम दिदैनौं । ठेक्का लाग्दै गर्दा सम्झौता हुँदा निर्माण व्यवसायीसँग सम्झौता हुदा वितिकै बजेट खर्च गर्न दिइदैन । निश्चित परिणाममा काम गरिसकेपछि कामको शुरुवात गरिसकेपछि त्यसको भुक्तानी दिने पेश्की दिने यो कामहरु हुने हुँदा बिचमा रनिङ बिल दिने कुराहरु हुन्छ । त्यसपछाडी जति काम हुन्छ त्यो कामका आधारमा र अन्तिममा जब कामको समाप्तीतिर पुग्छ योजना फच्यौट गर्नुपर्ने हुन्छ त्यतिबेला ठुलो परिमाणमा खर्च भएको देखिने हुन्छ । तसर्थ म माननीय सभामुख महोदय मार्फत माननीय सदस्यज्यूहरु र समग्र सबैलाइ म यो काममा निराश नहुन अनुरवध गर्न चाहान्छु । निराश हुनुपर्ने कुनै कारण छैन । हामी यो ऐतिहासिक एउटा अवसर प्राप्त गरेर हामी संघीय लोकतान्त्रिक गणतन्त्रको जगमा उभियर हामी अगाढी बढिरहेका छौं । यो बागे सर्दै छ । यो भन्दा पहिला हामीले १० वर्षदेखी १५ वर्ष देखी २०वर्ष देखी हामीले यो संघीय अपनाएर अघी बढेका हौं भन्ने यो अवस्था होइन । हामी भर्खर शुरुवातीका दिनहरुमा छौं । त्यसैले हामी यसको अभ्यास गर्दै

अगाढी बढिरहेका छौं र अभ्यास गर्दै जाँदा धेरै कुराहरुको अनुभव हामीले प्राप्त गर्दै जाने, कामहरुलाइ अगाढी बढाउदै जाने जनताका अपेक्षाहरुलाइ नागरिकहरुका अपेक्षाहरुलाइ पुरा गर्दै जाने जुन तपाइ हामी सबैको अविष्ट हो यो अविष्टलाइ पुरा गर्न हामी लागिरहेका छौं । प्रदेश सरका अत्यन्त मेहेनतका साथ आफ्नो काममा लागिरहेको छ । त्यसैले म यसै सन्दर्भमा माननीय सभामुख महोदय मार्फत म जानकारी गराउन चाहान्छु भौतिक पूर्वाधार विकास मन्त्रालयसँग सम्बद्ध २६ वटा कार्यालयहरु छन् । हामीले शुरुमा स्थापना गरेका ८ वटा जलस्रोत तथा शिचाइ विकास डिभिजन कार्यालयहरु र एउटा सब डिभिजन जुन बाजुरामा छ । ८ वटा डिभिजन कार्यालयहरु छन् । एउटा सब डिभिजन छ । त्यसैगरी ४ वटा पूर्वाधार विकास कार्यालयहरु छन् जो सडक, सडक पुल झुलुङ्गे पुलहरुको काम गर्ने गर्छ । त्यसै गरी खानेपानी तर्फ ३ वटा डिभिजन शुरुमा हामीले प्राप्त गरेका थियौं । पछिल्लो चरणमा एउटा डिभिजन थप भएको छ र खानेपानीमा ४ वटा डिभिजन हरु अहिले कार्यरत छन् । त्यसै गरी यातायात व्यवस्था कार्यालयहरु २ वटा छन् । २ वटा सेवा कार्यालयहरु छन् । कंचनपुर र कैलालीमा यातायात व्यवस्था कार्यालयहरु छन् भने डोटी र डडेल्धुरामा यातायात सेवा कार्यालयहरु छन् । ती सेवा कार्यालयहरुबाट पनि अब नयाँ कामहरु पनि नयाँ सेवा दिने कामहरु पनि त्याहाँबाट शुरु हुने कुरा म जानकारी गराउन चाहान्छु । त्यसैगरी ३ वटा शहरी विकास कार्यालयहरु तथा भवन कार्यालयहरु क्रियाशिल छन् । मैले अघि पनि अनुरोध गरैं कि भवन डिभिजन कार्यालयहरुमा कर्मचारिहरुको अत्यन्त न्यूनता छन । अहिले हाम्रो सबै भन्दा न्यून कर्मचारीहरु रहेको र योजनाहरु कार्यान्वयन गर्नमा अत्यन्तै समस्या आइपरेको भवन डिभिजन कार्यालयहरु तर्फ छ । ३ वटा डिभिजनहरुमा कैलालीमा एउटा डोटीमा एउटा र बैतडीमा अर्को । ३ वटा डिभिजन कार्यालयहरु क्रियाशील छन् तर कर्मचारीको अत्यन्त न्यून अभाव छ । कैलालीको डिभिजन कार्यालयमा मात्रै सिडि हुनुहुन्छ र मातहत कर्मचारीहरुको अभाव छ । त्यसैले यो अभावका बिचबाट पनि हामीहरु कामलाइ मन्त्रालयले अगाडी बढाइरहेको छ । यो बिचमा हामीले अहिले दोश्रो चौमासिक समिक्षा मन्त्रालयले सम्पन्न गरेको छ । जसको नतिजा वित्तीय प्रगति तर्फ १० प्रतिशत हामीले हासिल गरेका छौं । यो फाल्गुन मसान्तसम्म मात्रै हो । र बाहिर भनिएजस्तै गरी हामीले प्रगति धेरै देखाएको भन्ने होइन । यस्तो पनि सुन्न पाइन्छ । हामीले धेरै फुलबुट्टा भर्नुपर्ने हामीले धेरै प्रगति देखाउनु पर्ने कुनै जरुरी छैन । जे छ त्यो सबै दुनियाले देखिने कुरा हो । त्यसैले यो अस्ती मात्रै हामीले मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा समग्र प्रदेश सरकारको समिक्षा गर्दा केही खर्च बढेको छ केही बित्तीय खर्च भौतिक प्रगति बित्तीय प्रगति थपिएको छ । हामीले यसलाइ औपचारिक रुपले भन्न खोजेको होइन । तर यो प्रगति यसैगरी जाँदा हामी अबका दुइ महिनामा एउटा उच्चतम प्रगति हामी प्राप्त गर्न सक्छौं भन्ने एउटा आकलन गरेर त्यो प्रगति हामीले सार्वजनिक गर्न खोजेका हौं । अहिले समग्रमा २४ प्रतिशत प्रदेश सरकारको हामि प्रगति मान्न सक्छौं त्यो काम र त्यो वित्तीय कामहरु हुँदैछ । त्यसैले यो कामहरुमा केही समस्याहरु छन् । हामीले काम गर्दै जादाखेरी हामीले धेरै समस्याहरु व्यहोरेका छौं । मैले अघि पनि भनें योजनाहरुको संख्या धेरै ठुलो छ । त्यसको तुलनामा कर्मचारीहोको संख्या न्यून छ । त्यसै समस्या भैहाल्यो । अनि यो थप योजनाहरु केही थप योजनाहरु हामीले पछिबाट थप्यौं । माननीय ज्यूहरुसँग पनि सल्लाह गरेरै ति योजनाहरु थपिएका हुन । याहाहरुकै आग्रहमा मन्त्रिपरिषदले त्यो निर्णय गरेको छ र पनि केही बजेटको अभाव भयो । बजेटको अभावमा सडक तर्फ र सिचाइ तर्फका योजनाहरु अहिले कार्यान्वयन हुन्छन् । बाँकी भवन आवास तर्फ खानेपानी तर्फ तटबन्ध तर्फका योजनाहरुलाइ हामीले अहिले अध्ययन गर्ने तिनको लागत रकम कति निस्कन्छ । ती योजनाहरु कति आवश्यक हुन् होइनन् । तीनको सबै रिपोटिङ प्राप्त हुन्छ । त्यसको आधारमा हामी ति योजनालाइ आगामी आर्थिक वर्षको योजनामा समेत बजेटमा समेत समावेश गर्न सकिने कुराहरु हामीले गरेका छौं । त्यसैले अहिले कही कतै भ्रम सृजना हुन सक्छ ।

खानेपानीमा तटबन्धमा अध्ययनका लागि जाँदा थोरै रकम कसरी गयो कसरी आयो यो पैसाले यो बजेटले यो योजना सम्पन्न हुन सक्छ र भन्नेखालका प्रश्न पनि नरुआएका होइनन् तर यसमा हामी कसैले पनि आत्तिनु पर्ने जरुरी छैन । हामी माननीय सदस्यज्यूहरुले दिनु भएका सुझावहरु सल्लाहरु अमुल्य छन् । म सम्मान गर्न चाहान्छु । सर्वोच्च संस्था संसद हो संसदमा उठेका कुराहरु संसदमा आएका सुझावहरु प्रश्नहरु प्रति म सम्मा नगर्न चाहान्छु । र जनताका जे अपेक्षा हुन् हामीले जे यो विकासको गतिलाइ जसरी अगाडी बढाउन खोजेका हौं हामीले चाहेका छौं । प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालय यी कामहरुलाइ बडो गम्भिरताका साथ अगाडी बढाउन अत्यन्त मेहेनतका साथ त्यो नतिजा प्राप्त गर्नका निम्ति आतुर छ । त्यो ढंगले हामी लागि रहेका छौं । मैले माननीय सभामुख महोदय मार्फत यति जानकारी गराएँ । र पछिल्लो थप योजनामा केही शिर्षक नमिलेर केही संशोधन गर्नुपर्ने कारणले गर्दा खेरी केही ढिलो भएको छ । हामीले निर्माण गर्ने भनेर योजनाहरु बनायौं तर बजेटको शिर्षक परामर्श मार्फत गएको छ । यसमा केही प्राविधिक त्रुटीहरु भएका छन् । यसमा पनि हामी चाढै ति योजनाहरुको अख्तियारी पठाउछौं र कामहरु अगाढी बढाउछौं । मैले यही भौतिक पूर्वाधार विकास मन्त्रालयसँग सम्बन्धित गतिविधिहरु र यसको सबै कार्यालयहरुको विवरण, अवस्था र कामहरु को अवस्था यी सबै सम्मानित गरिमामय सदन समक्ष राखेको छु । यो समय उपलब्ध गराउन माननीय सभामुख महोदयले उपलब्ध गराउनु भएको समय प्रति म माननीय सभामुख महोदयलाइ धेरै धेरै धन्यवाद भन्दै आफ्ना भनाइहरु यही टुङ्ग्याउछु धन्यवाद ।

*(जवाफ दिएपछि)*

**४. माननीय सदस्यहरु,**

आजको विशेष समय यही समाप्त हुन्छ ।

**५. माननीय सदस्यहरु,**

अब, म भौतिक पूर्वाधार विकास मन्त्री माननीय पठान सिंह बोहरालाई **"सुदूरपशिचम प्रदेश लोकमार्ग विधेयक, २०७५"** माथि प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम सामान्य छलफल गरियोस भनी प्रस्ताव पेस गर्न अनुमति दिन्छु ।

**माननीय पठान सिंह बोहरा**

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश लोकमार्ग विधेयक २०७५ माथि प्रदेश सभा नियमावली २०७४ को नियम १०७ बमोजिम सामान्य छलफल गरियोस भनी म यो प्रस्ताव पेश गर्दछु धन्यवाद ।

*(प्रस्ताव पेस भएपछि)*

**६. माननीय सदस्यहरू,**

अब, म **"सुदूरपशिचम प्रदेश लोकमार्ग विधेयक, २०७५"** माथि बीचार गरियोस भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**("हुन्छ" भनेपछि)**

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**("हुन्न" भनेपछि)**

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रदेश लोकमार्ग विधेयक, २०७५"** माथि बीचार गरियोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्विकृत भएको घोषणा गर्दछु ।

***(घोषणा पछि)***

७. माननीय सदस्यहरु,

अब, प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम **"सुदूरपश्चिम प्रदेश लोकमार्ग विधेयक, २०७५"** माथिको सामान्य छलफलको समय प्रारम्भ हुन्छ । छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्रै छलफल गरिने छ । विधेयकको मनसाय स्पष्ट पार्न बाहेक विधेयकका दफाहरू माथि छलफल गरिने छैन । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरुका लागि ३ मिनेटको समय निर्धारण गरेको छु ।

सर्वप्रथम **भरत बहादुर खड्का**लाई समय दिन्छु ।

**माननीय भरत बहादुर खड्का**

सभामुख महोदय, सुदूरपश्चिम प्रदेश लोकमार्ग विधर्यक २०७५ माथि हामी छलफल गरिराखेका छौं । वास्तवमा यो विधेयक आफैमा महत्वपूर्ण छ र हामीमा चुनौति पनि छ र अहिलेसम्म प्रदेशमा बनेका सडकहरुको अवस्थालाइ हामीले कसरी व्यवस्थापन गर्ने पर्यावरणको दृष्टिकोणले ति ठीक छन् कि छैनन् तिनका ग्रेडहरु मिलेका छन् कि छैनन् । हजारौंको संख्यामा छ त्यसैले गर्दाखेरी जोखिम पनि छ । त्यसो भएको हुनाले यो बडा चुनौतोको कुरा छन् । र अब मलाइ के लाग्छ भन्दा ति सडकको व्यवस्थापन र स्वामित्वको कुराहरु छ । र त्यसको सही व्यवस्थापन र स्वामित्वको कुराहरु र त्यसको संरक्षणको कुरामा हामीले ध्यान दिएनौं भने ति सडकको अवस्था के हुन सक्छ र एउटा हाम्रो पहिला हामी विकासका कुराहरु अगाडी बढाउछौं planning गर्दैनौं त्यसपछि धेरै ठुलो समस्या हामीले झेल्नु परेको छ । सडक कै कुरा गर्ने हो भने सडकका दाया बायापट्टी धेरै वस्तीहरु बस्ने गरेका छन् । यी पनि जोखिममा छन् । र यो कुराको पनि चुनौती छ र यसको पनि सही व्यवस्थापन । यदी हामीले बनाउने सडकहरु यो मापदण्ड तयार गरिसकेपछि कति फिटसम्म हामीले यी वस्तीहरु बसाउनु हुँदैन । यो सरकारले कडाइका साथ नियमन गर्नसक्नु पर्छ र अर्को कुरा के छ भन्दाखेरी यो मुआब्जाका कुराहरु छन् । जसको जग्गाबाट सडक जान्छ या सडक बनाउदा खेरी यसले त्यो जग्गा Use गर्न पाउदैन त्यसलाइ सही ढंगले समयमा मुआब्जा दिने कुराहरु पनि सही ढंगको व्यवस्थापन गर्नुपर्ने देखिन्छ । र अर्को कुरा त्यो समितिमा मलाइ के लाग्छ भन्दाखेरी गाउँ पालिका या नगरपालिकाको प्रमुख या प्रशासन र त्यसैको एउटा हाकिम भन्या छ । त्यसमा दुइ तिन वटा जस्तो नापी र भूमि सुधार र वनको पनि प्रतिनिधि राख्दा अझ राम्रो हुने मलाइ लाग्छ । र स्थानीय सरकारसँग राम्रो समन्वय गर्नु जरुरी छ । यदी स्थानीय सरकारसँग राम्रो समन्वय हुन सकेन भने यो गाह्रो विषय पनि छन् र हामी वर्गिकरण गर्दै छौं । यस विधेयकमा प्रदेश लोकमार्ग सहायक मार्ग र विशेष उदेश्यका सडक भनेर आएका छन् । र यो वर्गिकरण गर्दाखेरी अत्यन्त विज्ञलाइ राखेर हामीले गर्नु जरुरी छ । म त भन्छु क्रियाशील राजनीतिक दल र विज्ञ सबै राखेर हामी यी

कुराहरुलाइ हेरौं किनभन्दाखेरी यो त सबैको साझा कुरा हो । यदी सबैलाइ हामीले समेट्न सकेनौं र आफ्नै ढंगले एकलकाटे ढंगले गयौं भने त्यसको Responsibility का कुराहरु आउछन् जस्ले सबैलाइ हामीले समेट्न सक्यौं भने त्यसको जवाफदेहीता सबै जिम्मा जान्छ त्यो सफल पनि हुन सक्छ । यो वर्गिकरण भन्ने कुराहरुमा हामीले त पहिला पनि कुरा उठाएका हौं प्रदेश सरकारले कुन खालका योजनाहरु बनाउने त्यो स्पष्ट आउनुपर्यो । १० लाखका पनि बनाउने ५ लाखका पनि बनाउने हुन् त्यो होइन । त्यसैले प्रदेश सभाले यो खालका योजनाहरु बनाउछ गाउँले यो बनाउछ र यी सडक बनिसकेपछि यसको संरक्षण सम्बर्द्धनका कुराहरु यसरी गर्नुपर्छ किनभने एकचोटी बनाउने होइन । सडकका जति खर्चिलो कुरा अरुमा हुँदैन अरु एकचोटी बनाए पुग्छ सडक बनाइसकेपछि त्यसको Maintenance का कुराहरु Continue गर्नुपर्ने कुराहरु हुन्छन् । त्यसैले गर्दा खेरी त्यो सजिलो विषय छैन बढी खर्चालु विषय र त्यलाइ Continue चलाएर सेवा प्रवाह गर्नुपर्ने भन्ने कुराहरु छन् । त्यसैले यसको वर्गिकरण पनि प्रदेश सरकारले त्यसै तरिकाले हाम्रो लोकमार्ग यो मध्येस्तरका कुराहरुलाइ यसरी जानुपर्छ यसलाइ यसरी हामीले सक्नुपर्छ यसको planning यसरी जानुपर्छ भनेर आउनुपर्छ । अहिलेसम्मका योजनाहरु बिना planning मा आएका छन् जोखिम यात्रा गर्नुपरेको छ र धेरै दुर्घटना भाका छन् त्यसैले गर्दाखेरी यो विधेयक ल्याइ सकेपछि यसलाइ सही ढंगले व्यवस्थापन गर्नु जरुरी छ । मलाइ के लाग्छ भन्दाखेरी विधेयक पास हुन्छन् र राजपत्रमा पकाशित गरिसकेपछि लागु हुने भन्ने कुराहरु पनि हुन्छन् तर कहिले काँही सरकार राजपत्रमा प्रकाशित गर्दैन अनि विधेयक पास भएर अर्थ लाग्दैन । किनभने राजपत्रमा प्रकाशित भएन भने लागु हुँदैन । म एउटा पहिलाको कुरा स्मरण गर्न चाहान्छु । २०५५ साल स्वयत्त शासन ऐन बन्दा कतिपय राजपत्रमा प्रकाशित नगरिकन त्यो ऐन त्यसै समाप्त भएको छ । त्यसैले ऐन बनाइसकेपछि राजपत्रमा हामी यति दिन भित्र यति मितिमा प्रकाशित गर्नेछौं भनेर पनि आउनुपर्छ त्यो भयो भने त्यो तदारुकताका साथ राजपत्रमा बाहिर आउछ र अनि त्यो सहज हुन्छ । सरकारले चाहेन भने यो दुइ वर्ष सम्म पनि आउदैन । त्यसैले काम गर्न बडा समस्या आउछ । ऐनहरु बाँझीन सक्छन् । Conflict शुरु हुन सक्छ । त्यसैले यो ऐन आफैमा महत्वपूर्ण छ । ऐन पास हुँदैमा सबैथोक हुने होइन । त्यसैले यलाइ ऐन पास गरिसकेपछि हाम्रो प्रदेश भरीका जो सडकहरु छन् यसको सही ढंगले वर्गिकरण गरेर सही ढंगको यसको व्यवस्थापन गरेर यसको संरक्षण सम्बर्द्धन गर्ने तर्फ जानुपर्छ यो विधेयक पास भइसकेपछि त्यतातिर सहजिकरण हुनेछ भन्ने कुरा राख्दै विदा हुन्छु धन्यवाद ।

**माननीय लिलाधर भट्ट**

माननीय सभामुख महोदय, सुदुरपश्चिम सरकारले सुदूरपश्चिम लोकमार्ग सम्बन्धी विधेयक ल्याएको छ । यसको लागि सर्वप्रथम सरकारलाइ धन्यवाद दिन चाहान्छु । हामी संघीयता कार्यान्वयन गर्नुको पहिलो वर्ष पुरा गरी दोश्रो वर्षको बजेट पूर्ण बजेट १ वर्षको मात्रै आएको छ आशिंक वजेट पहिलै आएपनि । हामी अर्को बजेटको तयारीमा गइरहदा अहिले बजेट निर्माण र कार्यान्वयनका लागि जुन समस्याहरु हामीले भोग्दै छौं र विकास निर्माणलाइ जसरी हामीले परिभाषित गरेर जानुपर्ने हो त्यसमा केही समस्याहरु आएका छन् । यो विधेयकले अबका दिनहरुमा हामीले योजना प्लानिङ गर्दाखेरी साँच्चिकै ठुलो महत्वपूर्ण भूमिका निभाउने छ । यसका लागि मैले सरकारलाइ धन्यवाद दिन चाहान्छु । र यो विधेयकले अहिलेसम्म कुन सडकलाइ प्रदेश लोकमार्ग भन्ने कोलाइ सहायक मार्ग भन्ने र कुन परिभाषामा राजमार्गहरुलाइ राख्ने भन्ने पनि समावेश गरेको देखिन्छ र प्रदेशका लोकमार्गहरुलाइ व्यवस्थित गर्नको लागि यसलाइ द्रुत गतिमा संचालन गर्न यो सडक संचालनको संजाल संचालनको लागि आउने समस्याहरु अहिले जसरी सडकका कारण लोकमार्गका कारण विभिन्न दुर्घटनाहरु भएका छन् । सडकहरुमा कुन भारका सामाग्रीहरु लग्ने कस्ता यातायातका साधनहरु प्रयोग गर्ने भन्ने खालको जो

समस्या छ जसका कारणले दुर्घटना बढीरहेको छ यसलाइ पनि संवोधन गरेको देखिन्छ । अहिले हामी देखिरहेका छौं एउटै सडकहरु तिनवटा सरकारले पनि बजेट गइरहेको हिजोसम्मको परिस्थिति र अहिलेसम्मको परिस्थिति पनि हामी केही देख्छौं । तर यो विधेयक आइसकेपछि प्रदेश सरकारले अब कस्ता सडकहरुमा आफ्ना योजनाहरु संचालन गर्ने यसका दुरगामी महत्वहरु के हुने र सडक अवरुद्ध विकास निर्माण गर्दा अवरुद्ध गर्दा त्यसले राज्यले कसरी तेलाइ हल गर्ने त्यसका साथसाथै यी सडकहरुलाइ अझ व्यवस्थित गर्नका लागि के गर्नुपर्छ भन्ने खालको यो विधेयकले सैद्धान्तिक रुपमा आएको छ । यो विधेयकमा केही कुराहरु अझै थपघट गर्नुपर्ने पनि हुनुसक्छ । यो सम्माननीय सदनका समितिहरुले पनि यसलाइ छलफल गर्नेछ र यो विधेयकले साँच्चिकै अबका दिनहरुमा यो विधेयकमा एउटा कुरा अझै हामीले पुर्वबक्ता माननीयज्यूले भनेजस्तै हामीले यो पास हुनेवित्तिकै राजपत्रमा प्रकाशित हुनुपर्ने व्यवस्था त्यसका साथसाथै अहिलेसम्म संचालन भएका सडकहरुलाइ हामीले अब प्रदेश सरकारको कुन सडकमा वर्गिकरण भएको छ त्यसको सूचना जारी गर्ने र त्यो एउटा स्वयतपत्र जारी गर्ने खालको व्यवस्था पनि हामीले विधेयकमा एक खालको व्यवस्था राख्नुपर्ने छ जसले गर्दा अहिलेसम्म प्रदेश भरीका भइरहेका योजनाहरु अबका दिनमा हामीले कस्ता योजना बहुवर्षिय योजना हुनुसक्छन्, कस्ता योजना कृषि सडक हुन सक्छन् सहायक सडक हुन सक्छन र लोकमार्ग हुनसक्छन् भन्ने हामीले स्पष्ट पार्न सक्यौं भने बजेट निर्धारण गर्दा त्यो एकदम सजिलो हुने भएकोले अब यो अहिले सरकारले ल्याएको विधेयक छ यो विधेयकले साँच्चिकै रुपमा प्रदेशमा लोकमार्गहरुको निर्माण सहायक मार्गहरुको निर्माण विभिन्न मार्गहरुको निर्माण तिनको संचालन ति संचालन गर्दा आउने कठिनाइ र अहिले विकास निर्माणलाइ रोक्ने खालको जो प्रवृत्तिहरु छन् त्यसका साथसाथै घर टहरा बनाउने र घर टहरा बनाउदाखेरी सडकहरुमा जाम हुने र सामाग्री थुप्याउने लगायतका विभिन्न समस्याहरु छन् यसलाइ समाधान गर्नको लागी पनि यो विधेयक महत्वपुर्ण छ यसका लागि पनि सरकारलाइ धन्यवाद दिदै विदाहुन्छु धन्यवाद ।

**माननीय महेश दत्त जोशी**

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश लोकमार्ग विधेयक २०७५ यो प्रदेश सभामा प्रस्तुत भएको छ । भौतिक पूर्वाधार तथा विकास मन्त्रालयलाइ हार्दिक धन्यवाद दिन चाहान्छु । यो आवश्यक विधेयक सुदूरपश्चिम प्रदेशको लोकमार्ग निर्माणका लागि महत्वपूर्ण ऐनको रुपमा पारित हुनेछ । सुदूरपश्चिम प्रदेश खास गरी हाम्रो हिमाल पहाड र तराइ सहितको प्रदेश हो । यसैले यो प्रदेशलाइ उत्तरदेखी दक्षिण र लक्षिण देखी उत्तर मार्गहरु नै बढी आवश्यक देखिएको छ त्यो कुरालाइ यो विधेयकले बुझेको छ र यसमा थप्नुपर्ने विषयहरु पनि दफावार छलफलमा सम्बन्धित समितिमा केही थपघट पनि हुनसक्छन् । खास गरी विद्यमान हामीसँग भएका लोकमार्ग अहिले सहिद भीमदत्त पन्त लोकमार्ग जुन हाम्रो सेती दिपायल हुँदै बाजुरासम्म जान्छ । यतापट्टी महाकालीको दार्चुला पनि जान्छ । यो बिचमा रहेको जो बाटोलाइ पनि जोड्ने किसिमको लोकमार्गहरु हुनुपर्दछ र नयाँ जुन सेती लोकमार्ग भनेर जुन कुरा आएको छ केन्द्रीय सरकारबाट हामीलाइ प्राप्त भएको लोकमार्ग र महाकाली कोरिडोरको रुपमा ब्रहदेव देखी टिंकरसम्मको बाटो छ यो तिनटा उत्तर दक्षीणका बाटाहरुलाइ पनि जोडेर संजालको रुपमा हामीले बनाउनु पर्छ । पूर्व पश्चिम राजमार्गको रुपमा हामीसँग रहेको नं. १ राजमार्ग जलाइ पूर्वपश्चिम राजमार्ग भन्छौं महेन्द्र राजमार्गको रुपमा संचालित १ नं. राजमार्गलाइ जोड्ने हिसाबले यस्तै प्रकारले तिनटै पूर्व पश्चिम राजमार्ग पनि रहेका छन् । हुलाकी राजमार्ग जुन दक्षिण तिर गइरहेको छ यसलाइ पनि जोड्ने हिसाबले र मध्ये लोकमार्ग जुन नया संचालनमा रहेको मध्ये लोकमार्गलाइ पनि जोड्ने हिसाबले हामीले लोकमार्गको सुदूरपश्चिम प्रदेश लोकमार्गको नक्सांकन र सर्भे गर्नुपर्दछ । खासगरी २१ औं शताब्दीमा हामीले लोकमार्ग निर्माण गर्दा विगतका सर्भेहरु र विगतका नक्साहरुलाइ हेरेर नयाँ आधुनिक खालको लोकमार्गहरु

हुनुपर्दछ । आधुनिक डिजाइनका आधुनिक सुविधाका लोकमार्गहरु निर्माण हुनुपर्छ । त्यसका लागि अत्याधुनिक तरिकाका लोकमार्गहरु अन्तराष्ट्रिय जगतमा बनेका राजमार्गहरुको नक्सा र तिनिहरुको प्रबिधि सहितको लोकमार्गहरुको हामीले नक्सांकन गर्नुपर्दछ । खासगरी लोकमार्ग बस्तीहरुलाइ जोड्ने खालका लोकमार्ग हुनुपर्छ । र भौतिक हिसाबले पहिरो नजाने नदिहरुलाइ भरसक बचाउने हिसाबले हामीले नक्सांकन गर्नुपर्दछ । त्यो कुरा यो विधेयकले समेट्नु पर्दछ । दिर्घकालीन रुपमा हामीले संरचना बनाउने कुराहरुलाइ पनि हामीले मध्येनजर गर्नुपर्ने हुन्छ । खासगरी पंचेश्वरी हाइडेङ्गको कुरालाइ हामीले मध्येनजर गर्नुपर्दछ । सेती नदीमा बन्ने ठुला हाइड्रोपावरहरु जलासरयुक्त हाइड्रोपावरहरुलाइ हामीले मध्येनजर गरेर लोकमार्ग निर्माण गर्नुपर्दछ । ति त्यसता ठाउहरुमा सतही भन्दा पनि उचाइबाट बाटाहरुको नक्सांकन गर्नुपर्ने हुन्छ किनभने दिर्घकालीन रुपमा ति मार्गहरु काम नलाग्ने खालको हाम्रो लगानी डुब्ने सम्भावना रहन्छ । त्यसैले सुदूरपश्चिम प्रदेशमा हामीले लोकमार्ग बनाउदा खेरी पूर्वपश्चिम लोकमार्ग त कमै बन्न सक्छन् उत्तर दक्षिण लोकमार्ग बन्दा खेरी हाइड्रोपावरहरुलाइ मध्येनजर गर्नुपर्दछ । हाम्रो सेती नदी महाकाली नदी लगायतका चमेलिया नदी अरु तमाम नदीहरु खोलाहरुको विषयमा अध्ययन गरेर नै बनाउनु पर्दछ । अहिले लोकमार्ग को निर्माण गर्ने नक्सा बनाउने भोली तिनिहरु खारेज हुने खालको अथवा लगानी डुब्ने खालको तिनिहरु हुनु हुँदैन र बाटा बनाउदा खेरी खासगरी वातावरण मेत्री लोकमार्गहरु हुनुपर्दछ । त्यसको पेटी Plantation को कुरा यो विधेयकमा आएको छ र तेललाइ थप मैले के भन्न चाहान्छु भने यो महत्वपूर्ण र नयाँ युगको माग हो पेटी Plantation । छेउमा वृक्षारोपण गर्ने तर त्यो वृक्षारोपण वस्तीमा स्थानीय जनतालाइ त्यो अधिकार दिनुपर्दछ । उपभोग र संरक्षणको अधिकार स्थानीय जनतालाइ दिन यो विधेयकले मनसाय व्यक्त गरेको छ । खुलस्त रुपमा त्यो कुरा आउनु पर्दछ । हामीले वस्तीमा फलफुलको विरुवा पनि जनताले लगाउन पाउनु पर्दछ । जस्तो आप कटहर लिची यस्ता खालको विरुवा लगायो भने त्यसको फलको उपयोग जनताले गर्न पाउने कुरा यो विधेयकमा उल्लेख हुनु पर्दछ । खासगरी बुढा रुखहरुलाइ काट्नुपर्ला । काठदाउराहरु पनि संकलन हुनसक्छ र नयाँ विरुवा लगाउनु पर्ला समयसन्दर्भमा । त्यतिबेला स्थानीय जनताले त्यसको उपभोग गर्ने अधिकार पनि यो विधेयकमा राखिनु पर्दछ । त्यसबाट स्थानीय जनताले यसको अपनत्व हुन्छ र स्थानीय जनताले आफ्नो सम्झैर लगानी पर्ने गर्दछन् । त्यसैले यो विधेयकमा छुटेको छ भने सम्बन्धित दफावार छलफलमा स्थानीय जनताको सहभागिता र संघसंस्थाको सहभागिता हरितपेटीहरु निर्माण गर्दै दिगो रुपमा यलाइ बनाउनु पर्दछ र खासगरी दिर्घकालीन रुपमा एकचोटी नक्सा बनाइसकेपछि तेलाइ भत्काउने बिगार्ने खालको हुनुहुदैन । हामीले उत्तर दक्षिणलाइ नि बढी जोड्ने हिमाल पहाड तराइलाइ जोड्ने खालको नक्सांकन गरिहाल्नु पर्छ र बहुसरोकारवालाहरुको बिचमा छलफल गरेर सबैलाइ राखेर यो राजमार्ग बनाउनु पर्दछ । एउटा मन्त्रालयले मात्रै नभ्याउन सक्छ । हामीले बनाउने प्रदेश योजना आयोग देखी लिएर सरोकारवाला महत्वपूर्ण गरिमामय यो सदन । यो सदनमा पनि यो विषयमा व्यापक छलफल हुनुपर्छ । त्यसपछि मात्र लोकमार्गको नक्सांकनका लागि प्राविधिकहरुलाइ हामीले खटाउनु पर्दछ भन्ने कुरा राख्दै आफ्नो भनाइ टुंग्याउनु धन्यवाद ।

***(बोलिसके पछि)***

**८. माननीय सदस्यहरू,**

**"सुदूरपश्चिम प्रदेश लोकमार्ग विधेयक, २०७५"** माथिको सामान्य छलफलमा बोल्ने समय यँही समाप्त हुन्छ।

९. **माननीय सदस्यहरू,**

अब, म भौतिक पूर्वाधार विकास मन्त्री माननीय पठान सिंह बोहरालाई **"सुदूरपश्चिम प्रदेश लोकमार्ग विधेयक, २०७५"** माथिको सामान्य छलफलमा उठान भएका प्रश्नहरुको जवाफ दिन समय दिन्छु ।

**माननीय पठान सिंह वोहरा**

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश लोकमार्ग विधेयक २०७५ संसदमा प्रस्तुत भएर छलफल पनि भएको छ । म अत्यन्तै खुशी छु । प्रदेश लोकमार्ग विधेयकको मान्यज्यूहरुले प्रश्न सही गर्नु भएको छ । भौतिक पूर्वाधार मन्त्रालयबाट पहिलो यो विधेयक प्रस्तुत भएको छ र यसमा जे जति कुराहरु मान्य सदस्यज्यूहरुले उठाउनु भएको छ वास्तवमा ति कुराहरु विधेयकमा उल्लेखित छन् र अत्यन्त मेहेनतका साथ यो विधेयक निर्माण गरिएको छ । यसलाइ पारित गर्न प्रकृया अगाडी बढाउन पनि म अनुरोध गर्दै म सुझाव दिनुहुने मान्य सदस्यज्यूहरुलाइ धन्यवाद दिदै आप्नो भनाइ यही टुङ्ग्याउछु धन्यवाद ।

*(जवाफ दिएपछि)*

१०. **माननीय सदस्यहरू,**

प्रदेश सभा नियमावली, २०७४ को नियम ११० बमोजिम विधेयकमाथि संशोधनको सुचना दिन सकिने म्याद सामान्य छलफल सकिएको मितिले १२० घण्टा निर्धारण गरेकोले प्रस्तुत विधेयक माथिको बाँकी कारवाही उक्त म्याद समाप्त भए पश्चात मात्रै हुने व्यहोरा जानकारी गराउछु ।

*(जानकारी गराएपछि)*

११. **माननीय सदस्यहरू,**

**"सुदूरपश्चिम प्रदेश लोकमार्ग विधेयक, २०७५"** माथिको आजको कार्बाही यँही समाप्त हुन्छ ।

१२. **माननीय सदस्यहरू,**

अब प्रदेश सभा (पहिलो संशोधन) नियमावली, २०७५ माथिको कार्वाही प्रारम्भ हुन्छ ।

१३. **माननीय सदस्यहरु,**

प्रदेश सभा नियमावली, २०७४ को संशोधन मस्यौदा समितिबाट नियमावलीको मस्यौदा समितिको प्रतिबेदन तयार गरि सचिवालयमा दर्ता हुन आएको जानकारी गराउँछु ।

१४. **माननीय सदस्यहरु,**

अब म प्रदेश सभा नियमावली, २०७४ को संशोधन मस्यौदा समितिका संयोजक माननीय विरमान चौधरीलाई प्रदेश सभा नियमावली, २०७४ को नियम १६० बमोजिम नियमावलीको मस्यौदा सहितको प्रतिबेदन प्रस्तुत गरि सभामा टेबुल गर्न अनुमति दिन्छु ।

**माननीय विरमान चौधरी**

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेशको प्रदेश सभा पहिलो संशोधन नियमावली २०७५ लाई यहाँ प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेशको प्रदेश सभा पहिलो संशोधन नियमावली २०७५ लाई यहाँ प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

माननीय सभामुख महोदय,
प्रदेश सभा, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली, नेपाल ।

विषय :- सुदूरपश्चिम प्रदेशको प्रदेश सभा पहिलो संशोधन नियमावली २०७४ संशोधन मस्यौदा समितिको प्रतिवेदन ।

यस मिति २०७६/१/३ गते बसेको तेश्रो अधिवेशनको १४ औं वैठकले अनुमोदन गरी मलाइ प्रदेश सभा नियमावली २०७४ को संशोधन मस्यौदा समितिको संयोजकको कार्यभार दिई समितिलाइ ७ दिनको कार्यदिश दिएकोमा छलफलको कार्य समाप्त हुन नसकी पुनः ७ दिन कार्यदिश थपको लागि समितिबाट निर्णय गरी माननीय सभामुख महोदय समक्ष कार्यदिश थपको लागि निवेदन पेश भएको थियो । मिति २०७५/१२/१७ मा समितिलाई पुनः ७ दिन कार्यदिश थप भएको थियो । छलफलको क्रममा समितिमा ३ दिन ३ वटा वैठक बसी संशोधन मस्यौदा नियमावलीमा छलफलको कार्य समाप्त भएको थियो । मुल नियमावलीको नियम १४६ मा गरिएको संशोधनमा समितिका सदस्य माननीय गोविन्द राज वोहराले असहमति प्रकट गरी विपक्षमा आफ्नो अभिमत जाहेर गर्नु भयो र अन्य सम्पूर्ण सदस्यहरुले सहमति प्रकट गरी संशोधनको पक्षमा आफ्नो अभिमत व्यक्त गर्नुभएकोले उक्त संशोधित व्यवस्था बहुमतबाट पारित भएको थियो भने अन्य सम्पूर्ण संशोधनहरु सर्वसम्मतीबाट पारित भएको थियो । छलफलको क्रममा समितिका देहाय बमोजिमका माननीय सदस्यहरुको उपस्थिति रहेको थियो ।

<u>उपस्थिति</u>

| | |
|---|---|
| १० माननीय विरमान चौधरी | संयोजक |
| २० माननीय गोविन्द राज वोहरा | सदस्य |
| ३० माननीय मान बहादुर सुनार | सदस्य |
| ४० माननीय माया तामाङ वोहरा | सदस्य |
| ५० माननीय कृष्ण बहादुर चौधरी | सदस्य |

<u>आमन्त्रित</u>

माननीय लिलाधर भट्ट

प्रदेश सभा नियमावली २०७४ को संशोधन मस्यौदामा देहाय बमोजिमको टिप्पणी सहितको नियमावलीको मस्यौदा रहेको छ ।

## उद्देश्य र कारण

नेपालको संविधानको धारा १९४ ले दिएको अधिकार प्रयोग गरी बनाएको प्रदेश नं.७ को प्रदेश सभा नियमावली २०७४ मा केही नियमहरु संशोधन गर्न बान्छनीय भएकोले सोही नियमावलीको नियम २२३ बमोजिम उक्त नियमावलीको पहिलो संशोधन मस्यौदा २०७५ पेश गरेका छौ ।

माननीय विरमान चौधरी

संयोजक

प्रदेश सभा नियमावली, २०७४ संशोधन मस्यौदा समिति

## आर्थिक टिप्पणी

प्रदेश नं.७ को प्रदेश सभा नियमावली २०७४ को नियम (१), (१३), (११०), (१४६) र (२१३) मा गरिएको संशोधनले प्रदेश सरकारलाई कुनै आर्थिक दायित्व सृजना नहुने ।

माननीय विरमान चौधरी

संयोजक

प्रदेश सभा नियमावली, २०७४ संशोधन मस्यौदा समिति

## संशोधन व्यवस्था सम्बन्धी टिप्पणी

सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम २२३ मा उल्लेखित नियमावली संशोधन सम्बन्धी व्यवस्था देहाय बमोजिम रहेको छ :-

## संशोधन सम्बन्धी व्यवस्था :-

(१) सभाले यस नियमावली आवश्यक संशोधन गर्न सक्ने ।

(२) नियमावली संशोधन गर्न आवश्यक ठानेमा कुनै सदस्यले सो सम्बन्धी कारण र विवरण सहितको प्रस्तावको सूचना सभामुखलाई दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको सूचना सभामुखले उपयुक्त ठानि अनुमति दिएमा सो प्रस्ताव प्रस्तुतकर्ता सदस्यले नियमावली संशोधन मस्यौदा समिति गठन गरियोस भनी समितिमा रहने सदस्यहरुको नाम सहितको प्रस्ताव स्वीकृतिको लागि बैठकमा प्रस्तुत गर्ने ।

(४) उपनियम (३) बमोजिमको समितिमा आवश्यकता अनुसार संख्यामा सदस्य रहनेछन र समितिको सभापति समितिका सदस्यहरुको आफुमध्येबाट चयन गर्ने छन् ।

(५) समितिले बैठकमा प्रतिवेदन पेश गरेपछिको अन्य कार्यविधि सभामुखले हेरफेर गरेमा बाहेक विधेयकका सम्बन्धमा अपनाइने कार्यविधि अपनाइनेछ ।

मानननीय विरमान चौधरी

संयोजक

प्रदेश सभा नियमावली, २०७४ संशोधन मस्यौदा समिति

## संशोधन व्यवस्था सम्बन्धी टिप्पणी

सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली २०७४ को नियम २२३ मा उल्लेखित नियमावली संशोधन सम्बन्धी व्यवस्था देहाय बमोजिम रहेको छ।

सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली २०७४ को प्रथम संशोधन सम्बन्धी विवरण

| क्र.स. | नियम | नियमावलीमा रहेको हालको व्यवस्था | प्रस्तावित संशोधन पछि कायम हुने व्यवस्था | संशोधन गर्नु पर्नाको कारण र औचित्य |
|---|---|---|---|---|
| १ | नियम (१) संक्षिप्त नाम र प्रारम्भ | १. संक्षिप्त नाम र प्रारम्भ. (१) यस नियमावलीको नाम "प्रदेश नं.७ को प्रदेश सभा नियमावली २०७४" रहेको छ।<br>(२) यो नियमावली पारित गरेपछि तुरुन्त प्रारम्भ हुनेछ। | १. संक्षिप्त नाम र प्रारम्भ. (१) यस नियमावलीको नाम "सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली २०७४" रहेको छ।<br>(२) यो नियमावली पारित गरेपछि तुरुन्त प्रारम्भ हुनेछ। | प्रदेश नं.७ को नामाकरण सुदूरपश्चिम प्रदेश रहने भनी मिति २०७५।०६।१२ मा बसेको सभाको ४५औं बैठकले सभामा तत्काल कायम रहेका सदस्य संख्याको २/३ बहुमतबाट पारीत गरेकोले। |
| २ | नियम १३ कार्यव्यवस्था परामर्श समिति | **१३. कार्य व्यवस्था परामर्श समिति :** (१) प्रदेशसभाको बैठकमा पेश हुने विषयहरुको प्राथमिकता तथा समयावधिको निर्धारण लगायत बैठकलाई सुव्यवस्थित ढङ्गले सञ्चालन गर्ने सम्बन्धमा र सभामुखले आवश्यक ठहऱ्याएको अन्य विषयमा परामर्श दिन सभामुखको अध्यक्षतामा प्रदेशसभामा प्रतिनिधित्व गर्ने सम्पूर्ण राजनीतिक दलका सदस्यहरु समावेश हुने गरी **बढीमा सात जना** सदस्य रहने एक कार्य व्यवस्था परामर्श समिति गठन गर्न सकिनेछ। | **१३. कार्य व्यवस्था परामर्श समिति :** (१) प्रदेशसभाको बैठकमा पेश हुने विषयहरुको प्राथमिकता तथा समयावधिको निर्धारण लगायत बैठकलाई सुव्यवस्थित ढङ्गले सञ्चालन गर्ने सम्बन्धमा र सभामुखले आवश्यक ठहऱ्याएको अन्य विषयमा परामर्श दिन सभामुखको अध्यक्षतामा प्रदेशसभामा प्रतिनिधित्व गर्ने सम्पूर्ण राजनीतिक दलका सदस्यहरु समावेश हुने गरी **बढीमा ११ जना** सदस्य रहने एक कार्य व्यवस्था परामर्श समिति गठन गर्न सकिनेछ। | प्रदेश सभामा प्रतिनिधित्व गर्ने सम्पूर्ण राजनितिक दलहरुका प्रतिनिधिहरु समावेश गर्न सदस्य संख्यामा बढोत्तरी गर्दा उपयुक्त हुने। |
| ३ | नियम ११० (१) विधेयकमा संसोधनको सूचना | **११०. विधेयकमा संशोधनको सूचना :** (१) विधेयकमा संशोधन पेश गर्न चाहने कुनै पनि सदस्यले विधेयकमाथिको सामान्य छलफल समाप्त भएको **एक सय वीस घण्टा** भित्र आफुले पेश गर्न चाहेको संशोधन सहितको सूचना सचिवलाई दिनु पर्नेछ। | **११०. विधेयकमा संशोधनको सूचना :** (१) विधेयकमा संशोधन पेश गर्न चाहने कुनै पनि सदस्यले विधेयकमाथिको सामान्य छलफल समाप्त भएको **७२ घण्टाभित्र** आफुले पेश गर्न चाहेको संशोधन सहितको सूचना सचिवलाई दिनु पर्नेछ। | अन्य सबै प्रदेश सभा नियमावली र संघिय संसद नियमावलीमा समेत ७२ घण्टा भएकोले एकरुपता कायम गर्न उपयुक्त हुने। |
| ४ | नियम १४६(२) सचिवालय संचालन तथा व्यवस्थापन | (२) उपनियम (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछ।<br>(क) सभामुख - अध्यक्ष<br>(ख) उपसभामुख - उपाध्यक्ष | (२) उपनियम (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछ।<br>(क) सभामुख - अध्यक्ष<br>(ख) उपसभामुख - सदस्य<br>(ग) सचिवालयको बरिष्ठतम अधिकृत - सदस्य | हाल सचिवालयमा दरबन्दी नभएकोले सचिवालय सचिव लाई समिति बाट हटाइएको |

<table>
<tr><td></td><td>समितिको गठन</td><td>(ग) प्रमुख प्रतिपक्ष दलको नेता - सदस्य<br>(घ) प्रदेश सभा सचिव - सदस्य<br>(ङ) सचिवालय सचिव - सदस्य सचिव</td><td>(घ) लेखा शाखा प्रमुख - सदस्य<br>(ङ) प्रदेश सभा सचिव - सदस्य सचिव</td><td></td></tr>
<tr><td>५</td><td>नियम १४८ विषयगत समितिहरु</td><td>१४८. विषयगत समितिहरु :- प्रदेश सभामा देहायका कार्यक्षेत्र भएका विषयगत समितिहरु रहनेछन् ।
<table>
<tr><th>क.स.</th><th>समितिको नाम</th><th>कार्यक्षेत्र</th></tr>
<tr><td>२</td><td>सार्वजनिक लेखा समिति</td><td>प्रदेश लोकसेवा आयोग र प्रदेश मानव अधिकार आयोग बाहेक प्रादेशिक संवैधानिक आयोगका प्रतिबेदन, सार्वजनिक लेखा तथा प्रदेश लेखा परिक्षक कार्यालयको प्रतिबेदन र बेरुजु फछ्यौट सम्बन्धी</td></tr>
</table></td><td>१४८. विषयगत समितिहरु :- प्रदेश सभामा देहायका कार्यक्षेत्र भएका विषयगत समितिहरु रहनेछन् ।
<table>
<tr><th>क.स.</th><th>समितिको नाम</th><th>कार्यक्षेत्र</th><th></th></tr>
<tr><td>२</td><td>सार्वजनिक लेखा समिति</td><td>प्रदेश लोकसेवा आयोग र प्रदेश मानव अधिकार आयोग बाहेक प्रादेशिक संवैधानिक आयोगका प्रतिबेदन, सार्वजनिक लेखा तथा महालेखा परिक्षक कार्यालयको प्रतिबेदन र बेरुजु फछ्यौट सम्बन्धी</td><td></td></tr>
</table></td><td>प्रदेश लेखापरिक्षकको कार्यालय भन्ने स्थानमा महाँलेखा परिक्षकको कार्यालय लेख्दा उपयुक्त हुने भएकोले</td></tr>
<tr><td>६</td><td>नियम २१३ बैठकलाई सम्बोधन</td><td>(१) कुनै विदेशी राष्ट्रको राष्ट्र प्रमुख, सरकार प्रमुख, सभामुख वा संयुक्त राष्ट्र संघको महासचिव वा नेपालस्थित संयुक्त राष्ट्रसंघका आवासीय संयोजकले सभालाई सम्बोधन गर्न नेपाल सरकारको सहमति लिई प्रदेश सरकारले अनुरोध गरेमा सभामुखले अनुमति दिन सक्नेछ ।<br>(२) उपनियम (१) बमोजिम सम्बोधनको लागि अपनाइने प्रक्रिया कार्य व्यवस्था परामर्श समितिको परामर्शमा सभामुखले तोके बमोजिम हुनेछ ।</td><td>(१) नेपालका राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रतिनिधी सभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्षलाई प्रदेश सरकारले अनुरोध गरेमा सभामुखले सभामा सम्बोधनका लागि अनुमति दिन सक्नेछ ।<br>(२) कुनै विदेशी राष्ट्र प्रमुख, सरकार प्रमुख, सभामुख, संयुक्त राष्ट्रसंघका महासचिवलाई नेपाल सरकारको सहमति लिई प्रदेश सरकारले अनुरोध गरेमा सभामुख सभामा सम्बोधनका लागि अनुमति दिन सक्नेछ ।<br>(३) उपनियम (१) बमोजिम सम्बोधनको लागि अपनाइने प्रक्रिया कार्य व्यवस्था परामर्श समितिको परामर्शमा सभामुखले तोके बमोजिम हुनेछ ।</td><td>सभामा सम्बोधन गर्न सक्ने राष्ट्रिय र अन्तराष्ट्रिय पदाधिकारीहरुलाई स्पष्ट पार्न उपयुक्त हुने भएकोले</td></tr>
</table>

माननीय विरमान चौधरी
संयोजक
प्रदेश सभा नियमावली, २०७४ संशोधन मस्यौदा समिति

# सुदूरपश्चिम प्रदेशको प्रदेशसभा (पहिलो संसोधन) नियमावली, २०७५

**प्रस्तावना :** प्रदेश नं.७ को प्रदेश सभा नियमावली, २०७४ लाई संसोधन गर्न बान्छनिय भएकोले नेपालको संविधानको धारा १९४ बमोजिम सुदूरपश्चिम प्रदेशको प्रदेश सभाले आफ्नो कार्य संचालन गर्न, बैठकको सुव्यवस्था कायम राख्न र अन्य काम कारबाही नियमित एवं प्रभावकारी बनाउन देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस नियमहरुको नाम "सुदूरपश्चिम प्रदेशको प्रदेश सभा (पहिलो संसोधन) नियमावली, २०७५" रहेको छ ।

(२) यो नियमावली पारित गरे पछि तुरुन्त प्रारम्भ हुनेछ ।

२. सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली २०७४ को नियम १३ मा संसोधन :

सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली २०७४ (यस पछी मूल नियमावली भनिएको) को नियम १३ को उपनियम (१) मा रहेको "बढीमा सात जना" भन्ने शब्दको सट्टा "बढीमा ११ जना" भन्ने शब्द राखिएको छ ।

३. मूल नियमावलीको नियम ११० मा संसोधन : मूल नियमावलीको नियम ११० को, -

उपनियम (१) को "सामान्य छलफल समाप्त भएको" भन्ने शब्दावली पछी रहेको "एक सय विस घण्टा" भन्ने शब्दहरुको सट्टा "७२ घण्टा" भन्ने अंक र शब्दहरु राखिएको ।

४. मूल नियमावलीको नियम १४६ को उपनियम (२) मा संशोधन : मूल नियमावलीको नियम १४६ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ ।

(२) उपनियम (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछ ।

(क) सभामुख - अध्यक्ष

(ख) उपसभामुख - सदस्य

(ग) सचिवालयको बरिष्ठतम अधिकृत - सदस्य

(घ) लेखा शाखा प्रमुख - सदस्य

(ङ) प्रदेश सभा सचिव - सदस्य सचिव

उपनियम २ को देहाय (घ) मा रहेको प्रदेश सचिवलाई सदस्य सचिव बनाइ सोही उपनियमको देहाय खण्ड (ङ) को सचिवालय सचिव रहने व्यवस्था झिकिएको छ ।

५. मुल नियमावलीको नियम १४८ मा संशोधन : मुल नियमावलीको नियम १४८ को, क्रम संख्या २ को सार्वजनिक लेखा समितिको कार्यक्षेत्रमा उल्लेखित प्रदेश लेखा परिक्षकको कार्यालयको प्रतिबेदन भन्ने शब्दावली हटाई उक्त स्थानमा महालेखा परिक्षकको कार्यालयको प्रतिबेदन भन्ने शब्दावली राखिएको छ ।

६. मूल नियमावलीको नियम २१३ मा संशोधन : मूल नियमावलीको नियम २१३ को सट्टा देहायको नियम २१३ राखिएको छ :-

२१३. बैठकलाई सम्बोधन : (१) नेपालका राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रतिनिधी सभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्षलाई प्रदेश सरकारले अनुरोध गरेमा सभामुखले सभामा सम्बोधनका लागि अनुमति दिन सक्नेछ ।

(२) कुनै विदेशी राष्ट्र प्रमुख, सरकार प्रमुख, सभामुख, संयुक्त राष्ट्रसंघका महासचिवलाई नेपाल सरकारको सहमति लिई प्रदेश सरकारले अनुरोध गरेमा सभामुखले सभामा सम्बोधनका लागि अनुमति दिन सक्नेछ ।

(३) उपनियम (१) बमोजिम सम्बोधनको लागि अपनाइने प्रक्रिया कार्य व्यवस्था परामर्श समितिको परामर्शमा सभामुखले तोके बमोजिम हुनेछ ।

माननीय विरमान चौधरी

संयोजक

प्रदेश सभा नियमावली, २०७४ संशोधन मस्यौदा समिति

*(प्रतिबेदन टेबुल गरेपछि)*

**१५. माननीय सदस्यहरु,**

प्रदेश सभा नियमावली, २०७४ को नियम २२३ बमोजिम नियमावली संशोधनको कारण र विवरण सहितको प्रस्ताव पेश भै सभाबाट स्वीकृति प्राप्त भै सकेकोले नियमावली संशोधन मस्यौदा माथि नियम १०८ बमोजिम सामान्य छलफल गरि रहनु परेन । नियमावली संशोधन मस्यौदामा थप संशोधनको लागि सूचना दर्ता गराउँन चाहाने माननीय सदस्यहरुले नियम ११० बमोजिम प्रतिबेदन टेबुल भएको १२० घण्टा भित्र आफ्नो संशोधनको सूचना दर्ता गराउँन सक्ने व्यहोरा जानकारी गराउँछु ।

*(जानकारी गराएपछि)*

**१६. माननीय सदस्यहरु,**

आजको बैठकको कार्वाही यही समाप्त हुन्छ । अर्को बैठक मिति २०७५ साल चैत्र २५ गते सोमबार दिनको ०२:०० बजे बस्ने भएकोले उक्त समय सम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।